नगर कार्यपालिकाको
बैठक संख्या: ८१, २०७९-२०८४
मिति २०८३/०६/२६ को
निर्णय प्रमाणित ..........

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल स्थापना : २०७३

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ८१, २०७९-२०८४)

मिति : २०८३ असोज २६ गते

**निर्णयहरु:**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरियो। कार्यपालिकाबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने ।

२. गत आ.व. २०८२/०८३ को नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को निर्णयानुसार राम मा.बि. गेट तथा गार्ड हाउस निर्माणका लागि बजेट विनियोजन भई कार्य सम्पन्न गरी भुक्तानीका लागि पेश भएकोमा उक्त कार्य गरे वापत दायित्व छुट रकम अनुसूची - ३ तर्फ सि.नं. ८९ बाट डि. कन्स्ट्रक्सन, कोहलपुर ११ लाई प्राबिधिक मूल्याङ्कन बमोजिम रु.८,१७,७७६।१८ भुक्तानी दिने ।

३. यस नगरपालिका क्षेत्र भित्र रहेका भूमीहरुको वर्गिकरणका लागि प्राप्त प्रतिवेदनमा बैठकका सदस्यहरुबाट प्राप्त सुझावहरु समेटी प्रस्तावित भू उपयोग र क्षेत्र वर्गिकरणको विस्तृत विवरण नगरपालिकाको "भू उपयोग योजना तथा क्षेत्र वर्गीकरण, २०८२" स्वीकृत गरी आवश्यक प्रक्रियाका लागि सम्बन्धित निकायमा पठाउने।

४. प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत वडा नं. १३ भरैया निवासी १७ वर्षीया लालमती पुनमगरले घरमै शिशुको जन्म दिएपश्चात शिशु र आमा दुवैको निधन भएको विषयमा छानबिनका लागि गठित समितिले नगर प्रमुख मार्फत कार्यपालिकामा पेश भएकोमा उक्त प्रतिवेदन कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । र मृतकको परिवारलाई रु.२५,०००।– आर्थिक सहायता उपलब्ध गराउने ।

५. यस नगरपालिकामा "घ" वर्गको ईजाजतका लागि आवश्यक कागजात संलग्न राखी निर्माण व्यवसायीहरुको निवेदन हुन आएकोमा देहायका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने।
   क. आदित्य बिल्डर्स एण्ड मटेरियल सप्लायर्स प्रा.लि., कोहलपुर १२, बाँके ।
   ख. के.जि.एस. कन्स्ट्रक्सन, कोहलपुर ११, बाँके ।
   ग. टिका सागर कन्स्ट्रक्सन, कोहलपुर १२, बाँके ।

६. यस नगरपालिकाको वन वातावरण संरक्षण तथा बिपद व्यवस्थापन समितिको मिति २०८३/०६/२५ को निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

७. श्री सिर्जना बाल नमुना प्राथमिक विद्यालय, कोहलपुर–१४, सिर्जनाटोलको विद्यालय भवनमा बालबालिकाहरूको सुरक्षित आवतजावत सुनिश्चित गर्ने सम्बन्धमा मिति २०८३/०६/१३ गतेको च.नं. १६ को प्राप्त पत्र अनुसार कोहलपुर नगरपालिकाबाट निर्माण भएको दुई कोठे विद्यालय भवनमा आवश्यक घुम्ती (रेलिङ) तथा सुरक्षा संरचना नभएका कारण साना बालबालिकाहरूलाई आवतजावतका क्रममा चोटपटक लाग्ने तथा खस्ने जोखिम रहेको देखिएकाले उक्त जोखिम न्यूनीकरणका लागि प्राविधिक लागत अनुमान अनुसार लाग्ने रकम विद्यालय गुणस्तर अभिवृद्धि तथा पुर्वाधार विकास कार्यक्रम शिर्षकबाट हुने गरी रु.७२,८५०।- (बहत्तर हजार आठ सय पचास रुपैयाँ मात्र) व्यवस्था गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ८१, २०७९-२०८४
मिति २०८३/०६/२६ को
निर्णय प्रमाणित ...........

८. यस नगरपालिकामा रहेका देहायका स्वास्थ्य संस्थाहरुले नयाँ दर्ता अनुमतिकाल लागि निवेदन पेश गरेकोमा यस नगरपालिकाको पूर्वाधार, स्थायी एवं स्तरोन्नतीको प्रयोजनका लागि बनेको प्राबिधिक समितिको प्रतिवेदन समेतका आधारमा देहाय बमोजिमका स्वास्थ्य संस्थालाई १(एक) वर्षका लागि संचालन अनुमती प्रदान गर्ने ।

क. अभिषेक स्वास्थ्य क्लिनिक, कोहलपुर ११, बाँके ।

ख. आर.एन. स्किन केयर एण्ड डर्मा सेन्टर, कोहलपुर ११, बाँके ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत